प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २०७ ॥ २०८२ भाद्र २३ गते सोमबार (8th Sep 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# आज देशव्यापी प्रदर्शन गर्दै जेन-जी पुस्ता

झापा(प्रस) । जेन-जी पुस्ता (सन् १९९७ देखि २०१२ को बीचमा जन्मिएका) ले आज देशव्यापी प्रदर्शन गर्ने भएका छन्।

भ्रष्टाचार र सामाजिक सञ्जाल बन्द विरोधमा उनीहरूले काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गर्न लागेका हुन्। माइतीघर मण्डलामा आज बिहान ११ बजे प्रदर्शन हुनेछ। विद्यार्थीहरूको पोशाक लगाएर, परिचय पत्रसहित, कम्तीमा एउटा किताब र एफोर साइजको खाली कागजसहित माइतीघर मण्डलामा उपस्थित हुन भनिएको छ। यसबारे सामाजिक सञ्जाल टिकटकमा ट्रेण्ड नै चलिरहेको छ।

प्रधानमन्त्री भइसकेका मानिसहरू भ्रष्टाचारमा संलग्नको आरोप लागेपनि कानुनी कारबाही नभएकोलगायत विषयमा उनीहरूले प्रदर्शन गर्न लागेका हुन्।

ठूला भ्रष्टाचार, वंशवाद, असमान सम्झौता, नागरिक अधिकार हनन्, बेरोजगारीलगायत मुद्दा उठान गर्दै जेनजी पुस्ताले प्रदर्शन गर्न लागेका हुन्।

उनीहरूले देशमा सुशासन र रोजगारी सिर्जनाको वातावरण हुनुपर्ने बताएका छन्। उनीहरूले टिकटकमा 'नेपो बेबी' अभियान चलाएका छन्, जसमा उनीहरूले ' एयष्तिष्अष्बलकल्भउयद्यबदथल्भउबा' मार्फत भिडियोहरू बनाइरहेका छन् । यो अभियान पारिवारिक पहुँचका आधारमा राजनीतिक तथा विशिष्ठ व्यक्तिहरूका सन्तानले बाँचिरहेको विलासी जीवनको विरोधमा भएको उनीहरूले बताएका छन् ।

साथै सामाजिक सञ्जाल टिकटकमा नेताहरू र उनीहरूका छोराछोरीको जीवनशैलीलाई लिएर पनि आलोचना भइरहेको छ। नेपालमा अरू सामाजिक सञ्जाल बन्द रहे पनि टिकटक र भाइबर भने सञ्चालनमा छ।

जेन-जी पुस्ताले आज बिर्तामोडमा पनि प्रदर्शन गर्ने तयारी गरेका छन् । बिहान ११ बजे बिर्तामोडको मुक्तिचोकबाट कालो माक्ससहित शुरु हुने शान्तिपूर्ण र्‍यालीले बिर्तामोड नगरपालिकाको कार्यालयमा पुगेर दुई घण्टा धर्ना दिने जनाइएको छ ।




यसैबीच भ्रष्टाचारविरुद्ध जेन-जी विद्रोहलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समर्थन गरेको छ ।

रास्वपा सचिवालय सदस्य दीपक बोहरा उक्त अभियानको समर्थनमा सामाजिक सञ्जालमा प्रस्तुत भएका छन् । उनले भनेका छन्, 'सोच, शैली र संस्कार बदल्न, सञ्जालबाट अब सडकमा ।'

त्यस्तै बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंले फेरि सडकमा उत्रिने घोषणा गरेका छन् । उनले जेन-जीले सुरु गरेको भ्रष्टाचारविरुद्धको अभियानलाई समर्थन जनाउँदै आन्दोलनमा सहभागी हुने बताएका हुन् ।

उनले जेन-जी अहिले सुरु गरेको यो अभियानलाई आफूले तीन वर्षअगाडि उठाएको मुद्दासँग मिलेको बताएका छन् । उनले भनेका छन्, 'तीन वर्षअघि हामीले उठाएको आवाजलाई आज फेसबुक, टिकटकदेखि सम्पूर्ण सञ्चार जगतले पुनः दोहोर्‍याएको छ, धन्यवाद सबैलाई ।'त्यस्तै,

उनले आन्दोलनलाई दमन नगर्न सरकारसमक्ष अनुरोध गरेका छन् ।

प्रसाईं गत चैत १५ मा तीनकुनेमा भएको राजावादीहरूको आन्दोलनमा उग्रता मच्चाएर भाग्ने क्रममा भारतबाट पक्राउ परेका थिए । उक्त मुद्दामा धरौटीमा रिहा भएका प्रसाईं पहिलोपटक सडमा आउन लागेका हुन् ।

त्यस्तै भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा आज हुने भनिएको प्रदर्शनलाई काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहले समर्थन जनाएका छन् ।

प्रदर्शनमा सहभागी हुन नपाए पनि उनीहरूको कुरा बुझ्न जरुरी भएको भन्दै उनले सामाजिक सञ्जालमार्फत आफ्नो समर्थन रहेको बताएका छन् ।

बालेनले फेसबुकमा लेखेका छन्, 'आजको र्‍याली स्पष्ट स्वस्फूर्तरुपमा जेन-जी को हो, उहाँहरू भनेको २८ वर्ष मुनि हुनुहुन्छ, जसका लागि म पनि अझै बुढो देखिन्छु । मलाई पनि उहाँहरूको इच्छा, उद्देश्य, सोच बुझ्न मन छ । आज यो स्वतफूर्त र्‍यालीमा कुनै पार्टी, नेता, कार्यकर्ता, सांसद, अभियन्ताहरू आफ्नो स्वार्थ पूरा गर्न बाठो नबन्नुहोला । म उमेर हदबन्दीको कारण जान मिल्दैन, तर उहाँहरूको कुरा बुझ्नु जरुरी छ, मेरो भरपुर समर्थन छ ।'

त्यस्तै उज्यालो नेपाल अभियानका नेतृत्व गरेका कुलमान घिसिङले भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा आज गर्ने भनिएको जेन-जीको प्रदर्शनप्रति ऐक्यबद्धता जनाएका छन् ।

घिसिङले सामाजिक सञ्जालमा लेखेका छन्, 'सरकारले भर्खरै केही सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको विरोधमा जेन-जी पुस्ताले आज निकाल्ने जुलुसमा उज्यालो नेपाल अभियानको तर्फबाट ऐक्यबद्धता व्यक्त गर्दछौं ।'

# सामाजिक सञ्जाल बन्दको बिरोधमा झापामा र्‍याली

झापा(प्रस)। सामाजिक सञ्जाल बन्दको बिरोधमा झापामा प्रदर्शन शुरु भएको छ ।आइतवार साँझ बुद्धशान्ति गाउँपालिका -३ स्थित बुधवारे चोकमा राप्रपानिकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन बुद्धशान्ति गाउँ समितिको



आयोजनामा प्रदर्शन गरिएको

हो । राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनका बुद्धशान्ति गाउँ समिति अध्यक्ष सुशान्त सुवेदीको नेतृत्वमा युवा विद्यार्थीहरुलगायत करिव ३० जना उपस्थितिमा सरकारले गरेको सामाजिक सञ्जाल बन्दको बिरोधमा “सरकार बदलिँदा प्रवृत्ति किन बद्लिदैन, भ्रष्टाचार रोके भने नेपाल धनी बन्नेछ तर नेताहरुले रोक्न चाहेका छैनन्, विकास बजेट सडकमा हैन नेताको घरमा पुग्छ, देशलाई परिवर्तन गर्ने शक्ति युवामा छ, तर भ्रष्टाचारले उनीहरुलाई बिदेश धकेल्दै छ ”जस्ता नाराहरु लेखिएको प्लेकार्ड बोकेर युवाहरुले विभिन्न नारा लगाउँदै शान्तिपूर्ण बिरोध प्रदर्शन गरेका थिए ।

# प्रमुख प्रशासकीय अधिकृत मिश्र उत्कृष्ट पुरस्कारबाट पुरस्कृत



झापा(प्रस) । बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवम् नेपाल सरकारका वरिष्ठ उपसचिव सागर मिश्र उत्कृष्ट निजामती पुरस्कारबाट पुरस्कृत भएका छन् ।

आइतवार काठमाडौंमा संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित एक कार्यक्रममा देशैभरिमा उत्कृष्ट कर्मचारीको रुपमा १ लाख नगद पुरस्कारद्वारा उनलाई सम्मान गरिएको हो ।

सरकारले प्रत्येक वर्ष निजामती क्षेत्रका बिभिन्न उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्दै आएको छ । त्यस अन्तर्गत यसपटक १० जनालाई उत्कृष्ट राष्ट्रसेवकको रुपमा पुरस्कृत गरिएको हो । त्यसैगरी ५० हजार राशिको निजामती पुरस्कारबाट ३० जना कर्मचारी पुरस्कृत भएका छन् ।

नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालको अध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रमको प्रमुख अतिथि नेपाल सरकारका उपप्रधानमन्त्री प्रकाशमान सिंह रहेका थिए ।सो कार्यक्रमको बिशेष अतिथि संघीय मामला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपाने रहेकी थिइन् ।

उत्कृष्ट राष्ट्रसेवकको रुपमा पुरस्कृत मिश्र स्थानीय तहका बारेमा बिशेष अनुभवी तथा इमानदार कर्मचारीको रुपमा चिनिन्छन् ।

२०५९ सालदेखि सरकारी सेवामा प्रवेश गरी विभिन्न जिल्ला र क्षेत्रमा कार्य अनुभव बटुलेका मिश्रले जिल्ला प्रशासन कार्यालय झापा र कालिकोट, डोल्पा साथै भुटानिज शरणार्थी शिविरमा समेत सरकारी सेवा गरेर ख्याति कमाएका छन् । उनले जापान, कोरिया, श्रीलंका, चीन, हङकङ, फिलिपिन्स, इन्डोनेसिया, मलेसिया, सिंगापुर, थाइल्याण्ड, यूएई, भारतलगायतका देशको भ्रमण गरी अनुभव हासिल गरिसकेका छन् ।

# १५ वर्षीय बालकले ९ वर्षका बालकलाई गरे अप्राकृतिक मैथुन

झापा(प्रस) । झापाको बुद्धशान्तिमा १५ वर्षीय बालकले ९ वर्षका बालकलाई अप्राकृतिक मैथुन गरेको घटना सार्वजनिक भएको छ ।

पीडित बालककी आमाले जाहेरी दिएपछि पाँच महिना अगाडिको घटना सार्वजनिक भएको हो । गत चैत २४ गते राति अन्दाजी ८ बजे बुद्धशान्ति गाउँपालिका वडा नं.१ बस्ने ९ वर्षीय बालकलाई भद्रपुर



वडा नं. ५ घर भई हाल बुद्धशान्ति वडा नं.१ बस्ने १५ वर्षीय बालकले पीडितको घरमा गई अप्राकृतिक मैथुन गरेका थिए ।

पीडितकी आमाले शनिवार राति इलाका प्रहरी कार्यालय धुलाबारीमा जाहेरी दिनासाथ प्रहरीले घटनामा संलग्न भनिएका बालकलाई नियन्त्रणमा लिएको छ ।

पीडक र पीडित दुवैलाई स्वास्थ्य परीक्षणको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको प्रहरीले जनाएको छ ।

# किंग्सवेरीको क्यासिनोमा जुवा खेल्दाखेल्दै एक भारतीय ढले

झापा(प्रस) । झापाको बिर्तामोड- ३ स्थित होटल किंग्सवेरीको क्यासिनोमा जुवा खेल्दाखेल्दै एक भारतीय ढलेका छन् ।

शनिवार राति ९.१० बजेतिर भारत उत्तर प्रदेश बस्ने ३६ वर्षीय सोनु सहनी किंग्सवेरीको क्यासिनोमा जुवा खेल्दाखेल्दै ढलेका हुन् । होटल किंग्सवेरीमा विगत दुई दिनदेखि बस्दै आएका सहनी होटलको क्यासिनोमा जुवा खेल्ने क्रममा प्रेसर हाईको कारण अचानक ढली बेहोस भएका थिए । सहनीलाई सोही होटलका कर्मचारी नबिन पोखरेलले बिर्तासिटी अस्पताल बिर्तामोड पुर्याएका थिए । उनको सोही अस्पतालमा उपचार भइरहेको छ ।

मादक पदार्थ सेवन गरेका सहनीले जुवामा हारेपछि ढलेको बताइएको छ । अस्पताल ल्याएपश्चात् सामान्य हातखुट्टा चलाउन थालेको, बोली नखुलेको र अवस्था मध्यम रहेको थियो । उपचारपछि ती भारतीय आइतवार घर फर्किएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ ।

# जलविद्युत् आयोजनामा अन्योल कायमै, जोखिममा अर्बौं लगानी

झापा,भदौ २२ । सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा गरिएको संशोधनलाई आठ महिनाअघि खारेज गर्‍यो । यससँगै नेपालका जलविद्युत् आयोजनाहरू निर्माण प्रक्रियामा जान नपाउँदा जलविद्युत क्षेत्रमा सङ्कट र अन्योल देखिएको छ ।

सरकारले आठ महिनाअघि केही नेपाल ऐनलाई संशोधनमार्फत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षण क्षेत्रभित्र प्रकृति र मानव सहअस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृति प्राप्त आयोजना वा राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न स्वीकृति दिन सक्ने व्यवस्था गरेको थियो । तर सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारले गरेको संशोधन खारेज गरिदिएको थियो ।

सर्वोच्चको फैसलाका कारण निर्माणको चरणमा गइसकेका आयोजनाको भविष्यलाई लिएर निजी क्षेत्र मात्र नभई सरकार नै चिन्तित देखिएको छ । सरकारले आठ महिनासम्म निकास दिन नसकेको विषयमा केही दिनअघि संसदीय समिति बोलेको छ । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको भदौ २५ गतेको बैठकले सर्वोच्चको फैसलाअघि सर्वेक्षण अनुमति तथा उत्पादन अनुमति लिई लगानी गरिसकेका आयोजनाहरूलाई निर्माण कार्य अगाडि बढाउन सहजीकरण गर्न सरकारलाई निर्देशन दियो ।

समितिले त्यस्ता आयोजनालाई नीतिगत निर्णय गरी काममा सहज हुने वातावरण बनाउन र विद्युत् उत्पादनसम्बन्धी कानुनी जटिलता समाधान गर्न वन तथा वातावरण र ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको निर्देशनमा उल्लेख छ, 'रोल्वालिङ खोला जलविद्युत आयोजनाको निर्माण कार्य सुचारु तथा वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न सम्बन्धमा आवश्यक सहजीकरण गर्न र उल्लेखित मितिभन्दा अगाडि अनुमति लिई लगानी गरिसकेका हाइड्रोपावरको निर्माण प्रक्रिया सुचारु गर्ने सम्बन्धमा नीतिगत निर्णय गरी कार्यसम्पादनमा सहजता ल्याउन र विद्युत् उत्पादनसँग रहेका कानुनी जटिलता समाधान गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया समेत अगाडि बढाउन नेपाल सरकार, वन तथा वातावरण र ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।'

उक्त निर्देशनले सरकारलाई सर्वोच्च अदालतको फैसलाका कारण उत्पन्न जटिलता समाधानका लागि सहजीकरण हुने देखिएको छ । समितिको निर्देशनले ऊर्जा उत्पादकहरू उक्त निर्देशनले ऊर्जा उद्यमीहरूमा केही आशा पलाएको बताउन थालेका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्की सर्वोच्चको यो निर्णयले नेपालको ऊर्जा विकासमा गम्भीर धक्का पुगेको भन्दै तत्काल सरकारले समाधान खोज्न आवश्यक रहेको बताउँछन् । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले सरकारलाई दिएको निर्देशनले थोरै आशा पलाएको उनको भनाइ छ ।

# झुम्का कारागारमा स्क्रब टाइफस, डेंगी र इन्फ्लुन्जा

झापा(प्रस) । चार दिनको अवधिमा तीन जना कैदीको मृत्यु भएको सुनसरीको झुम्का कारागारमा विभिन्न तीन वटा रोगको प्रकोप फैलिएको पुष्टि भएको छ ।

उच्च ज्वरो, श्वासप्रश्वास र वान्ता हुने लक्षणबाट कैदीबन्दी बिरामीको मृत्यु भएपछि बुधबार कारागारमा स्वास्थ्य शिविर चलाएर ६३ जनाको रगतको नमुना संकलन गरी परीक्षणका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको थियो ।

प्रतिष्ठानको प्रयोगशालाबाट कैदीबन्दीमा स्क्रब टाइफस, डेंगी र इन्फ्लुन्जा पुष्टि भएको जनस्वास्थ्य कार्यालय सुनसरीका प्रमुख सागर प्रसाईले जानकारी दिए । केही कैदीबन्दीमा जापनिज इन्सेफ्लाइटिसको आशंका गरिए पनि त्यसको रिपोर्ट आउन बाँकी रहेको उनले जानकारी दिए ।




कारागारमा स्वास्थ्य परीक्षणका खटिएका चिकित्सकले भाइरल ज्वरोको आशंका गरे पनि यी तीन वटा रोग देखिएको पुष्टि भएपछि अब त्यहीँ अनुसार परीक्षण तथा उपचार व्यवस्था मिलाइने झुम्का कारागारका जेलर सुवासकुमार लामिछानेले जानकारी दिए ।

कारागारमा चार दिनको अवधिमा तीन जनाको मृत्यु र ३ सय बढी कैदीबन्दी बिरामी भएका थिए । अहिले पनि केही कैदीबन्दी विभिन्न अस्पतालमा उपचाररत छन् । १६ सय क्षमता रहेको झुम्का कारागारमा 'ए' र 'बी' गरी दुवै ब्लकमा १ हजार ७ सय ९८ जना कैदीबन्दी छन् ।

चिकित्सकका अनुसार स्क्रब टाइफस एक किसिमको सरुवा रोग हो । यो रोग पशुचौपायामा लाग्ने किर्नाजस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्छ । यो रोग ओरेन्सिया सुसुगामुसी भन्ने जीवाणुबाट लाग्छ । यो जीवाणु मुसाको शरीरमा पाइने माइटमा हुन्छ । संक्रमित किराले मानिसलाई टोकेमा यो रोग मानिसमा सर्छ ।

यो रोग संक्रमित किराको टोकाइबाट मानिसमा सर्ने विराट शिक्षण अस्पतालका चिकित्सक डा. देवराज घिमिरेले जानकारी दिए । स्क्रब टाइफस भएको व्यक्तिले उपचार गर्न ढिला गरे ज्यानै जाने खतरा हुने डा. घिमिरेले बताए ।

यस्तै, लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग डेंगी घाँटी, फोक्सो र नाकमा आक्रमण गर्न सक्ने चिकित्सक घिमिरेले बताए । घिमिरेले इन्फ्लुन्जा भाइरस संक्रमित व्यक्तिले हाच्छ्यु गर्दा, कुरा गर्दा वा खोक्दा हावाको माध्यमबाट भाइरस सर्छ ।

# एनपीएलको ट्रफी टुर मेची पुलबाट शुरु

झापा(प्रस) । एनपीएलको ट्रफी टुर मेची पुलबाट शुरु भएको छ ।



नेपाल क्रिकेट संघको आयोजनामा हुन लागेको एनपीएलको प्रचार प्रसारका लागि ट्रफी टुर मेची पुलबाट शुरु भएको हो । आइतवार साँझ नेपाल क्रिकेट संघको आयोजना, झापा जिल्ला क्रिकेट संघ तथा विराटनगर किंग्सको संयोजनमा मेचीनगर नगरपालिका वडा नम्बर ६ काँकडभिट्टास्थित मेची पुलबाट हनुमान मन्दिरसम्म एनपीएलको ट्रफी बोकेर ल्याइएको हो । कार्यक्रममा पूर्व राष्ट्रिय खेलाडी लाक्पा लामा, मेचीनगर वडा नम्बर २ र ६ का वडाध्यक्षहरु क्रमशः दिपक बराल र ललितबहादुर तामाङलगायत खेलप्रेमी करिब सयजनाको सहभागितामा रहेको थियो ।

# झापा गाउँपालिकामा फेरि चोरी

कुमरखोद(प्रस)। झापा गाउँपालिकामा फेरि चोरी भएको छ ।



झापा गाउँपालिका वडा नं १ सिद्धिनगर टोल बस्ने हरदेव माझीको घरमा शनिवार राति दराज फोरेर चोरी भएको हो । चोरले राति ढोकाको ताल्चा फुटाएर घरभित्र रहेको काठको बाकसभित्र राखेको नगद ४० हजार रुपैयाँ , १७ तोला चाँदी , ३ वटा विदेशी टर्च चोरी गरेको माझीले बताएका छन् । माझीले उक्त रकम ऋण तिर्नका लागि राखेका थिए । उनले आफूसँग भएको ४० हजार रुपैयाँबाट १० हजार दशै खर्चको लागि र बाँकी ३० हजार साहुलाई ऋण तिर्न राखेकोमा चोरी भएपछि समस्या भएको दुखेसो पोखे ।

यसअघि भदौ १३ गते झापा गाउँपालिका वडा नं २ बालुवाटारमा रहेको जागेश्वर शिव मन्दिरको दानपेटिका र चमनलाल माझीको पानी तान्ने मोटर चोरी भएको थियो ।

त्यसैगरी भदौं ७ गते झापा गाउँपालिका वडा नं ३ कामाटोलीमा डिल्लीराम उप्रेतीको घरवाट दिउँसो ४:३० बजे घरमा कोही पनि नभएको बेला घरको बरण्डाको मुल गेटको ताल्चा फोरी दराजभित्र राखेको सुनको सिक्री २ तोला , सुनको व्रास्लेट ३ तोला , सुनको मंगलसुत्र १ तोला १० आनी , चाँदीको कमर रिङ १० तोला, नगद ५० हजार गरी १२ लाख ७० हजार बराबरको चोरी भएको थियो ।


## हल्दीबारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### जलथल, झापा

## भ्याक्सिनेटरका लागी आवेदन पेश गर्ने बारे सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति : २०८२-०५-२२

प्रस्तुत विषयमा हल्दीबारी गाउँपालिका भित्रका पशुहरुमा लाग्ने माहामारीजन्य रोगहरु पिपिआर, खोरेत र स्वाइन फिवर रोग विरुद्धको खोप सञ्चालनार्थ खोप सञ्चालन अवधिभरका लागि भ्याक्सिनेटर आवश्यक भएको हुनाले यो सुचना प्रकाशित भएको मितिले ३ दिन भित्र योग्यता पुगेका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता/ निजि स्तरमा कार्यरत भेटेरिनरी जेटी/जेटीए /आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरुले तपशिल बमोजिमको कागजात सहित यस कार्यालयको पशुपन्छी तथा मत्स्य विकास शाखामा आवेदन दिन यो सुचना प्रकाशित गरिएको छ ।म्याद नाघि आएको आवेदन उपर कुनै कारवाहि नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरु**
१. आवेदन ।
२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३. ग्रा.प.स्वा.का./भेटेरिनरी विषयमा TSLC/TCL को प्रमाणपत्रको प्रतिलिपी ।
४.स्थायी लेखा नं .(PAN) को प्रतिलिपी ।
५.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

२०८२/०५/२२
प्रमुख प्रशासकीय अधिकृत






## कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१



# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८२/०५/२३

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आउनु भएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गर्नु भएको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सुचिकरण एवं नेपाल सरकार, अध्यागमन विभागद्धारा पासपोर्ट जफत गर्ने कार्य गर्न समेत लेखि पठाईने छ। कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| **शाखा कार्यालय : दमक** | **कर्जा शिर्षक : प्रोफेशनल आवधिक कर्जा** |
|---|---|
| **ऋणी :** मान बहादुर कडरियाको नाति, धन वहादुर कडरियाको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, बाहुनडागी गा.वि.स वडा नं ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं ५ मा बस्ने मिति २०६८/०६/०३ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी भएको ना.प्र.नं. ०४१००१/१९२४ भएको बर्ष ३३ को **हेमन्त कडरिया** । | |
| **व्यक्तिगत जमानतकर्ता:** बेणि माधव बरालको नाति, धनपति बरालको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, दमक न.पा वडा नं ५ स्थायी ठेगाना भई हाल सोहि स्थानमा बस्ने मिति २०५५/०९/१७ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी भएको ना.प्र.नं. २३११२१३३/०६४/६७१२ भएको बर्ष ४४ को पशुपती बराल । | |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd.

**कर्जा असुली विभाग**



# तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८२/०५/२३

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| **शाखा कार्यालय : बिर्तामोड** | **कर्जा शिर्षक : ब्यक्तिगत कर्जा** |
|---|---|
| **ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते बिवरण** | |
| **ऋणी :** जग्य प्रसाद ढुंगेलको नाति, नारद प्रसाद ढुंगेलको छोरा नागरिकता बमोजिम झापा जिल्ला, शनिश्चरे गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ६ बस्ने मिति २०५२/०४/१० मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ८२३१९७ भएको बर्ष ४८ को **योगेन्द्र प्रसाद ढुंगेल** । | |
| **धितो सुरक्षणको विवरण :** योगेन्द्र प्रसाद ढुंगेलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स., वडा नं. ८ स्थित कि.नं. २००२ को क्षेत्रफल ०-३-० (बि-क-धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : रेणुका आचार्य<br>बाबु : लक्ष्मी प्रसाद आचार्य<br>पति : योगेन्द्र प्रसाद ढुंगेल<br>ना प्र नं : ८५६१ (जारी मिति २०५३/०४/१३, पाँचथर)<br>ठेगाना : पाँचथर जिल्ला, इम्बुङ गाउँ पञ्चायत, वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ६ बस्ने । |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd.

**कर्जा असुली विभाग**



## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु ।

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौ,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ / मिल्दैन सो बारे जानकारी राखौ,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौ.
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौ,
- खरिद गरेका सामग्रीको बिल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सत्ता जोगाउन सामाजिक सञ्जाल बन्द !

नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल प्लाटफर्महरू सरकारले निष्क्रिय पार्ने निर्णय गरेपछि इन्टरनेट सेवा प्रदायकहरूले यसलाई कार्यान्वयनमा ल्याएका छन्। बिहीबार सरकारको निर्देशनपछि शनिबारसम्म फेसबुक, युट्युब, इन्स्टाग्राम, म्यासेन्जरजस्ता ठूला प्लाटफर्म निष्क्रिय भएका छन्। यसबाट नागरिकहरुमा कोलाहलको अबस्था सिर्जना भएको छ। तर , सरकार सामाजिक संजाल बन्द गरेर तमासा हेरिरहेको छ। सत्ता नै धरापमा परेपछि सरकारले यो कदम चालेको विश्लेषण पनि गरिएको छ। दर्ता गर्नैका लागि नागरिकलाई यति धेरै दुख दिनुपर्ने आवश्यकता थिएन। यसरी जोगाउनुपर्ने सत्ताको उपादेयता के बाँकी रह्यो ? जनताको काम गर्न सत्ता त चाहिन्छ। राजनीतिक पार्टीले सत्ता लिएरै जनताको काम गर्छौं भन्ने हो। तर जुनसुकै मूल्य र सर्तमा पनि सत्ता जोगाउनुपर्छ भन्ने हो भने सत्तामा पुगेर जे काम गर्न खोजेको हो, त्यो पूरा हुँदैन। सत्ता जेका लागि प्रयोग हुने हो नि, त्यसका लागि पनि औजार भुत्ते हुने भयो। सत्ता आमजनताका लागि प्रयोग गर्ने हो। तर प्रयोग गर्नै नसक्ने हो भने सत्तालाई जोगाइराख्न वा सत्तामा बसिराख्नुको औचित्य के हुन्छ ? अन्ततः सरकार किन चाहिन्छ ? लोकतन्त्र किन चाहिन्छ ? भन्ने प्रश्न उठ्छ।

राजनीतिक दलहरु चुकिरहेका छन्। एक पटक गम्भीर रूपमा आफ्नो विवेकलाई मन्थन गर्नुस्। यो बाटोले दलहरुलाई कहाँ पुर्‍याउँछ ? यो विषय चित्त बुझ्दैन। त्यसैले सत्तामा बस्दा आफूले गर्ने कामले सत्ता बाहिर हुँदा पनि थक्कथक्क गर्नुपर्ने नहोस्। साथै त्यसैलाई अस्त्र बनाएर कसैले आफूलाई दण्डित गर्न नपाओस् भन्ने हुनुपर्छ। त्यसप्रति भने हामी गम्भीर भएनौं।सरकारको यस्तो कदमले लोकतान्त्रिक समाजमा अभिव्यक्ति स्वतन्त्रतालाई निस्तेज गर्न खोजिएको हो। 'सञ्जाल बन्द, आवाज बन्द', गर्न पाइदैन। सरकारले सञ्चार मन्त्रालयमा सूचीकृत नभएका सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय बिहीबार गरेको थियो। यो निर्णयप्रति आम सर्वसाधारण, सञ्चार सम्बद्ध संघसंस्थालगायतले विरोध जनाएका छन्। विरोधको स्वरहरु बढ्न थालिसकेको छ। सरकारले बेलैमा होस् गरोस्। नत्र सरकारको यो कदम उसकै लागि प्रत्युपादक नबनोस्।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सुशासनतर्फ प्रतिबद्धता



• नगेन्द्र सापकोटा

सार्वजनिक प्रशासन राज्यको शासनव्यवस्था सञ्चालन तथा सरकारको नीति, नियम लागु गर्ने महत्वपूर्ण माध्यम हो। शान्ति सुव्यवस्था कायम गर्नु, कानुनको प्रभावकारी कार्यान्वयन गर्नु, जनतामा आवश्यक वस्तु र सेवा प्रवाहको सुनिश्चित गर्नु, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति गर्नु जस्ता लोककल्याणकारी क्रियाकलाप सरकारको मूल दायित्व हो। नागरिक र सरकारबिचको सम्बन्ध जोड्ने प्रमुख माध्यम भनेकै सार्वजनिक सेवा हो। सार्वजनिक सेवाको सर्वसुलभता कायम गर्नु राज्यको प्रमुख दायित्व हो। राज्यको यसै विशिष्ट दायित्वका आधारमा राज्य र नागरिकको सम्बन्ध स्थापित हुँदै आएको छ। यसर्थ सार्वजनिक सेवा प्रवाह राज्य र नागरिकबिच भेट हुने सङ्गमस्थल पनि हो। तसर्थ राज्यको प्रमुख दायित्व सरकारले प्रदान गर्ने सेवा प्रवाहको प्रभावकारिताका माध्यमबाट सुशासन स्थापित र अभिवृद्धि गर्नु हो। सार्वजनिक सेवा प्रवाहका माध्यमबाट हुने सेवाले नै सरकारको लोकप्रियताको स्तर निर्धारण गर्छ। सार्वजनिक सेवा प्रवाहको कडी भनेकै निजामती प्रशासन हो।

सङ्घीय शासनव्यवस्था कार्यान्वयन भएसँगै संघ, प्रदेश र स्थानीय तिनै तहमा सेवा प्रवाहका लागि सरकारले प्रशासनिक संयन्त्रको प्रभावकारी व्यवस्था गरेको छ। जुन संयन्त्र निजामती कर्मचारीको संरचना हो। प्रशासनयन्त्रको जनमुखी कार्यशैली, सेवा प्रवाहका लागि सक्रियताले सार्वजनिक सेवाको प्रभावकारिताको निर्धारण गरिरहेको हुन्छ। यसैका आधारमा नै सरकारको प्रभावकारिता वा लोकप्रियताको मापन हुने गर्छ। यसकारण प्रशासनयन्त्र सरकारको लोकप्रियता वा अलोकप्रियताको निर्धारक तत्वका रूपमा रहेको हुन्छ। प्रशासनयन्त्रलाई चुस्त, दुरुस्त, प्रभावकारी, मर्यादित बनाउने हेतुले प्रशासन सुधारका कार्य यसै उद्देश्य प्राप्तिका लागि गरिँदै आइएको छ। जुन सरकारले तिनै तहमा निरन्तर गर्दै आएको छ।

अहिले सार्वजनिक सेवाप्रति नागरिक पूर्ण रूपमा सन्तुष्ट भने हुन सकेका छैनन् तर पनि तिनै तहमा सरकारका कर्मचारी संयन्त्रले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै आएको सरकारले दाबी गर्दै आएको छ। निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताका लागि प्रवर्द्धनात्मक र नियमनकारी भूमिका निर्वाह गरी योजनाबद्ध विकासको प्रक्रियाद्वारा सुदृढ राज्यको निर्माण गर्नु निजामती प्रशासनको प्रमुख दायित्व हो।

यसै सन्दर्भमा सरकारले भदौ २२ गते २२ औँ निजामती सेवा दिवस भव्य र सभ्य रूपमा मनाउँदै छ। निजामती सेवा दिवसका सन्दर्भमा विविध रचनात्मक कार्य हुँदै आए पनि अन्य समयमा भने कर्मचारीतन्त्रबाट यस्तो कार्यक्रम खासै हुँदैनन्। २०८२ असार ३१ गते संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा नियुक्त भगवती न्यौपानेले मन्त्रीको पद बहाली गरेसँगै निजामती प्रशासनलाई चुस्त र प्रभावकारी बनाउने प्रयासको थालनी गर्नुभएको छ।

### स्थानीय तहमा निमित्त प्रप्रअको अन्त्य

प्रशासनिक संघीयताको आधारस्तम्भ मानिएको स्थानीय तहमा पहिलो पटक पूर्ण जिम्मेवारीसहितको प्रमुख प्रशासकीय अधिकृत पठाइएको छ। पूर्ण जिम्मेवारीसहितको प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहमा पठाएसँगै अब स्थानीय तहमा सुशासन र सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा गरिएको छ।

संघीय शासनव्यवस्था सुरु भएदेखि कुनै न कुनै स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत रहँदै आए पनि गत सातादेखि मन्त्रीकै पहलमा स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत रहने प्रवृत्तिको अन्त्य गरिएको हो।

मन्त्री न्यौपानेका अनुसार निजामती सेवा ऐन, २०४९ अनुसार अवकाशको चरणमा रहेका कर्मचारीबाहेक अन्य कर्मचारीलाई मन्त्रालयले पारदर्शिता, कार्यकुशलता र भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको हो। यसक्रममा दुई वर्षभन्दा बढी मन्त्रालय वा अन्तर्गत कार्यरत, उपत्यकाकेन्द्रित कार्यालयमै सीमित, स्थानीय तहमा काम नगरेका, प्रदेशमा कामकाजका लागि खटिएका तथा फाजिल वा अतिरिक्त समूहमा रहेका कर्मचारीलाई प्राथमिकतामा राखिएको छ।

मन्त्रालयले दरबन्दी अनुसार प्रमुख प्रशासकीय अधिकृत खटाएको हुँदा यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको आर्थिक वा प्रशासनिक जिम्मेवारी स्वतः रद्द भएको छ। अब कुनै पनि गाउँपालिका र नगरपालिकामा निमित्त जोसुकै भए पनि ती कर्मचारीलाई कुनै प्रकारको आर्थिक अधिकार नदिने नीति मन्त्रालयको छ।

"सुशासनको मुख्य औजार कर्मचारी प्रशासन हो, यसलाई निरन्तर सुधार र परिमार्जन गर्नु पर्छ। यो काममा म निरन्तर लागिरहेकी छु। यस क्रममा मैले घोषणा गरेकी थिएँ, स्थानीय तह निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चलाउने प्रवृत्ति अन्त्य गर्छु," मन्त्री न्यौपानेले भन्नुभयो। अब पूर्ण जिम्मेवारीसहितको प्रमुख प्रशासकीय अधिकृतको क्षमतालाई सबै स्थानीय तहका जनप्रतिनिधिले भरमग्दुर उपयोग गर्नु पर्छ।

### सुशासन कायम हुँदै

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहमा कार्यप्रकृति, कार्यबोझ र संविधानप्रदत्त कार्य जिम्मेवारीसँग मेल नखाने गरी एवं दोहोरो पर्ने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मापदण्ड निर्माण गर्दै छ। अहिले राष्ट्रिय मापदण्डको अभावमा तीनै तहमा कर्मचारी दरबन्दीमा निरन्तर विस्तार हुँदै गएको ठहर सरकारको छ। साथै मुलुकले धान्न नसक्ने गरी दीर्घकालीन दायित्व सिर्जना हुने तीन तहमा कर्मचारी दरबन्दी बढ्दै जाँदा राज्यको आर्थिक दायित्व बढ्ने भएकाले त्यसलाई रोक्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड निर्माण गर्न लागेको हो। यसले तिनै तहमा सुशासन कायम हुने अपेक्षा गरिएको छ। सरकारले नयाँ सङ्गठन संरचना र दरबन्दी सिर्जना वा मौजुदा संरचनामा परिवर्तन गर्दा निश्चित वस्तुगत मापदण्डका आधारमा गर्ने गरी व्यवस्थित बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड निर्माण गरी राज्यलाई आवश्यकता र औचित्यका आधारमा मात्र कर्मचारी दरबन्दी सिर्जना गर्न लागेको हो।

### गुनासो व्यवस्थापन केन्द्र

सरकारले हेलो सरकारमार्फत समग्र पक्षको गुनासो सुनुवाइ गर्दै आए पनि खास गरी निजामती कर्मचारीकै गुनासो सम्बोधन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुनासो व्यवस्थापन केन्द्र स्थापना गरेको छ। कर्मचारीको गुनासोलाई सम्भव भएसम्म तत्काल सम्बोधन गर्ने कार्यको थालनी गरेको छ। संघीयता कार्यान्वयनमा सहजीकरण, कर्मचारी व्यवस्थापन, सुशासन प्रवर्धन र स्थानीय तहको सबलीकरण तथा संघ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध र सहयोग गर्न हटलाइन, टेलिफोन, इमेल, सामाजिक सञ्जालमार्फत र व्यक्ति प्रत्यक्ष उपस्थित भई सुशासन र सेवा प्रवाहबारे गुनासो गर्न सक्ने व्यवस्था गरिएको छ। उक्त गुनासोलाई तत्काल समाधान गर्न सकिने गरी उपसचिवको नेतृत्वमा कर्मचारीको डेडिकेट टिम परिचालन गरी कर्मचारी प्रशासन र सेवा प्रवाहको गुनासो सङ्कलन गरी समाधान गर्ने काम थालनी भएको छ। गुनासो केन्द्रमा आएका अधिकांश गुनासा सम्बोधन हुँदै आएका छन्।

### स्थानीय तहमा स्थलगत सहजीकरण

विसं २०७४ मा पहिलो पटक स्थानीय तहको निर्वाचन भएदेखि नै एक सयदेखि तीन सय वटासम्म स्थानीय तहले समयमा नै गाउँ र नगर सभामा बजेट पेस गर्न सकेका थिएनन्। मन्त्री न्यौपानेको पद बहाली भएसँगै अहिले स्थानीय तहको स्थलगत निरीक्षण गरी समयमा नै बजेट ल्याउन नसक्ने स्थानीय तहको स्थलगत सहजीकरण गरी बजेट नल्याउने स्थानीय तहलाई बजेट ल्याउन निश्चित समयसीमा तोक्न बाध्य पारिएको छ। यसले स्थानीय तहमा लामो समयदेखि कायम रहँदै आएको बेथितिको अन्त्य भई स्थानीय तहमा सुशासन कायम भएको छ। त्यस्तै चालु आर्थिक वर्ष २०८२/८३ देखि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिएको छ। यसले स्थानीय तहमा असल अभ्यास कायम भई सुशासन स्थापित हुने अपेक्षा मन्त्रालयको छ।

### स्थानीय तहमा सुशासन कायम गरिँदै

संविधानमा प्रदेशका लागि संघीय सरकारले र स्थानीय तहका लागि आवश्यक कानुन प्रदेश लोक सेवा आयोगले बनाउने भन्ने उल्लेख गरिएको छ। कतिय कानुन भने स्थानीय तह आफैँले बनाउन सक्ने व्यवस्था छ। स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधा, कर सङ्कलनका लागि मापदण्डलगायतका कानुन प्रदेश सरकारले बनाए पनि संविधानको एकल साझा अनुसूचीमा उल्लेख भएका कानुन भने अझै बन्न सकेका छैनन्। सरकारले स्थानीय तहमा विधिको शासन कायम गर्न भन्दै ६२ वटा नमुना कानुन निर्माण गरी स्थानीय तहलाई पठाइएको छ। अहिले अधिकांश स्थानीय तहले सोही कानुन कार्यान्वयन गर्दै आएका छन्। संविधानका अनुसूचीसँग बाँधिएका कतिपय कार्य विस्तृतीकरण परिमार्जन गरी कार्यान्वयन गर्न सकेको छैन।

अब सरकारले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी कार्यान्वयन गर्न छिटोभन्दा छिटो संघीय निजामती सेवा ऐन जारी गर्नु पर्छ। सबै प्रदेश सरकारले यसअगाडि बनाएको प्रदेश निजामती सेवालाई समयसापेक्ष रूपमा परिमार्जन गरी कार्यान्वयन गर्नु पर्छ। प्रदेश र स्थानीय तहमा आवश्यकताका आधारमा कर्मचारी पूर्ति गरी सेवा प्रवाह र सुशासन कायम गर्नु पर्छ।

# समुन्नत नेपालको परिकल्पना



• सञ्जीव कार्की

देश बनाउने विषय एक व्यक्तिको लहड, एउटा पार्टीको योजना वा विशेष संस्थाको परियोजना होइन। सामूहिक चेतना, जिम्मेवारी र आकांक्षाको समुच्चयबाट देश बन्छ। जब हामी सोध्छौँ, 'देश कसले बनाउँछ ?' यसको उत्तर सजिलो छैन तर स्पष्ट छ। देश सबैले बनाउँछन्। देश निर्माणमा प्रत्येक देशवासीको भूमिका हुन्छ चाहे त्यो स्वदेशमा होस् वा विदेशमा। जसरी एउटा कर्तव्यशील नागरिक देश बनाउन प्रत्यक्ष/परोक्ष रूपमा सहभागी हुन्छ त्यसरी नै देश बिथोल्न र बिगार्न एउटा कर्तव्यहीन नागरिकको गैरजिम्मेवारपन सहयोगी बनिदिन्छ। देश समृद्ध बनाउने र बिगार्ने हात आम मानिसकै हुन्छ। आम नागरिकको निष्ठा र समर्पणसहितको सहभागिता बिना देश बन्दैन।

### दल, विचार, संगठन र प्रतिनिधित्व

राजनीतिक दलले सत्ता मात्र होइन, मुलुकको विचारधारात्मक मार्गचित्र कोर्छन्। उनीहरूको आदर्श, अनुशासन र कार्यशैलीले लोकतन्त्रको स्तर मापन हुन्छ। जब दलहरू विचारभन्दा माथि व्यक्ति पूजामा फस्छन्, तब मुलुक पतनतिर जान्छ। देश बनाउन दलहरूले प्रतिस्पर्धा मात्र होइन, सहकार्य र नीति-केन्द्रित संस्कृति पनि ल्याउनु पर्छ। लोकतान्त्रिक आचरण प्रदर्शन गरेर बलियो पद्धति बसाल्नु पर्छ ।

### कानुन, शासन र नीति निर्माणकर्ता

कुनै पनि देशमा सरकार होइन, शासन प्रणाली महत्वपूर्ण हुन्छ। सरकार, संसद्, अदालत, सुरक्षा निकाय र सार्वजनिक संस्थान देश बनाउने मूल आधार हुन्। तिनीहरूको नीति, योजना, व्यवहार र निर्णयले देशको दिशा निर्धारण गर्छ। जब यी निकाय जनताको भलाइभन्दा निजी स्वार्थमा रमाउँछन्, देश गम्भीर सङ्कटमा जान्छ। यी संरचनाको पारदर्शिता, जवाफदेहिता र जनताप्रतिको उत्तरदायित्व देश बनाउने मूल सर्त हो। आममान्छे सरकारलाई देश ठान्छन्। सरकार त देशको एउटा साधन/हतियार मात्र हो, समग्र देश होइन। संसद्, अदालत, प्रशासन, सुरक्षा निकाय, सार्वजनिक संस्थान यी यावत अङ्ग र संयन्त्र देश चलाउने पाङ्ग्रा हुन्, आत्मा होइनन्।

### देश कसरी समुन्नत बन्छन्

अमेरिकाले १७७६ मा स्वतन्त्रताको घोषणापछि औद्योगिक क्रान्तिको फाइदा लियो। नयाँ प्रविधि र नवप्रवर्तनमा अग्रसरता देखायो, आप्रवासनमार्फत विविध जनशक्ति भित्र्यायो। यथोचित परिचलानको वातावरण सिर्जना गर्‍यो। सैन्यशक्ति र अन्तर्राष्ट्रिय राजनीतिमा सक्रिय भूमिका निर्वाह गर्‍यो। दोस्रो विश्वयुद्धपछि त आर्थिक, वैज्ञानिक र सांस्कृतिक सुपरपावर बनेर बसेको छ। जापान दोस्रो विश्वयुद्धमा पराजयपछि पूर्ण पुनर्निर्माणमा लाग्यो पश्चिमी प्रविधि र व्यवस्थापन शैली ग्रहण गर्‍यो, शिक्षा र अनुशासनमा उच्च प्राथमिकता दियो। निर्यातमुखी औद्योगिकीकरण (कार, इलेक्ट्रोनिक्स) मा विशेष जोड दियो। परिणामः सानो भूभाग र स्रोत भए पनि विश्वकै तेस्रो ठुलो अर्थतन्त्रका रूपमा रहेको छ।

जर्मनी विश्वयुद्धको विनाशपछि पुनर्निर्माणमा लाग्यो र सामाजिक बजार अर्थतन्त्रको नीति लियो। उच्च गुणस्तरको इन्जिनियरिङ र निर्माणको देश बनायो। युरोपेली सङ्घमा नेतृत्वदायी भूमिका खेल्यो। परिणाम युरोपको आर्थिक इन्जिन, विश्वकै प्रमुख निर्यातकर्ता देश बन्यो। सिङ्गापुर १९६५ मा स्वतन्त्र भएपछि स्रोतविहीन सानो टापु व्यापार, बैङ्किङ र पोर्ट सेवामा केन्द्रित विकास गरेर स्वच्छ शासन र कम भ्रष्टाचार गर्ने देशको रूपमा विख्यात छ। मानव पुँजीमा लगानी (शिक्षा, स्वास्थ्य) को कारण उदाहरणयोग्य छ। एसियाली टाइगर-उच्च जीवनस्तर र विश्व व्यापार केन्द्रको रूपमा रहेको छ । चीन १९७८ पछि देङ सियाओपिङको सुधार नीतिको कारण विश्वमा नं. एक अर्थतन्त्र बन्ने क्रममा छ। बजारमुखी सुधार तर राज्यको मार्गदर्शन, ठुलो श्रमशक्ति र कम लागत उत्पादन, आधारभूत पूर्वाधारमा ठुलो लगानी जसको कारण विश्वकै दोस्रो ठुलो अर्थतन्त्र, विनिर्माणको केन्द्रमा दरिएको छ।

शासन व्यवस्था जति सशक्त, उत्तरदायी र पारदर्शी हुन्छ, देश त्यति नै समुन्नत बन्छ। जब प्रत्येक नागरिकले आफैँलाई देशको अभिन्न हिस्सा ठान्छ र सुयत्न गर्छ अनि मात्र समुन्नत देश बन्छ। शासन प्रणालीसँग अभ्यस्त बन्दै देश सञ्चालनार्थ सहभागिता जनाउँछ।

### नागरिक समाज र विवेक

सञ्चार माध्यम, मानव अधिकार संस्था, श्रमिक संघ, महिला तथा जनजातीय सङ्गठन, साना ठुला सहकारी यी सबैले देशलाई नैतिक र सामाजिक आधार दिन्छन्। संस्था मौन रहन्छन् या शक्तिसँग मिल्छन्, देश कमजोर बन्छ। देश बनाउने काम केवल शक्ति चलाउनेको होइन, शक्ति नियमन गर्नेहरूको पनि हो। संघ-संस्था, सहकारी, श्रमिक सङ्गठन, महिला समूह, युवाका क्लब यी सबै समाजका अङ्ग हुन्। जब यी अङ्ग सचेत, सङ्गठित र समर्पित हुन्छन्, देशले सामाजिक पुँजी र सुदृढ आधार पाउँछ। यी संस्थाले शासनलाई खबरदारी मात्र होइन, सामाजिक र नैतिक मूल्यको जग पनि तयार पार्छन्।

शिक्षक, कलाकार, बुद्धिजीवी, सञ्चारकर्मी शिक्षकले पुस्ता बनाउँछन्। शिक्षकको हातबाट जस्तो पुस्ता तयार हुन्छ, त्यसमा देशको भविष्य, अनुशासन र संस्कृति निर्भर हुन्छ। पुस्ता बनेपछि मात्रै देश बलियो बन्छ। एउटा शिक्षकको प्रतिबद्धता, सच्चरित्रता र दृष्टिकोण नै देशको दीर्घकालीन भविष्य हो। शिक्षकले रोपेको मूल्य र चेतनाको बिउबाट लाग्ने फल पुस्तौँले भोग्छ। विद्यालय, विश्वविद्यालय, कला र साहित्यका क्षेत्रले चेतना र विचार निर्माण गर्छन्। लेखकले सोच बनाउँछन्, कलाकारले समयको आत्मा बोल्छन्। देश तब बनिन्छ, जब शिक्षा प्रणाली समान, सुलभ र मूल्य-आधारित हुन्छ। जब कलाले सत्य बोल्न छोड्छ, देशको आत्मा मर्छ। देश बनाउन सत्यको पक्षमा कलम र चित्र बन्न जरुरी छ।

बुद्धिजीवी, लेखक, कलाकारले देश बनाउँछन् बुद्धिजीवीले बुद्धि लगाएर देश निर्माणका पक्षमा बहस पैरवी गर्छन्। देश केवल भौतिक संरचनाले बन्ने होइन, ज्ञान उत्पादन त्यसको समुचित वितरण, चेतना, भाव र संस्कृतिबाट पनि बन्छ। लेखक विचार लेख्छन्, कलाकारले समयको चित्र कोर्छन् र सञ्चारकर्मीले सत्य बोल्छन् देश चेतनशील बन्छ र देश बन्छ।

### श्रमिक, किसान र व्यवसायी

देश उत्पादनबाट बन्छ, उपभोगबाट होइन। किसानले अन्न उब्जाउँछन्, श्रमिकले घर र बाटो बनाउँछन्, व्यापारीले अर्थतन्त्र चलाउँछन्। जब श्रमको मूल्य दिइँदैन, किसान आत्महत्या गर्छन् र व्यापारी कर छल्छन्, देशको मेरुदण्ड भाँचिन्छ। श्रम, सिप र उत्पादनको सम्मान र सुरक्षाले मात्र देश अघि बढ्छ। किसानले माटोलाई सुनमा परिणत गर्छन्। श्रमिकले सडक, भवन, पुल, बाँध मात्र बनाउँदैनन् देशको मेरुदण्ड निर्माण गर्छन्। जबसम्म तिनका पसिना र श्रमको सम्मान हुँदैन, देशले आत्मसम्मान पाउँदैन र देश बन्दैन।

### युवा र महिलाको भूमिका

युवा परिवर्तनका संवाहक हुन्। उनीहरूका आवाज, आक्रोश र आकांक्षा देशको भविष्य हो। महिला घरभित्र र बाहिर दुवै भूमिकामा राष्ट्रनिर्माता हुन्। तिनीहरूलाई हिंसा, विभेद वा बेरोजगारीबाट जोगाउन सकिन्न, तब मुलुक स्थायित्व र समृद्धिको सपना देख्न सक्दैन।

### दलित देश निर्माता

# कन्काई माई महोत्सव: आस्थाको धरोहर, सभ्यताको जीवनधारा

• केशव भट्टराई

इलामका हरियाली डाँडापाखामा उद्गम भई झापाको समथर भूमिमा जीवनदायिनी बनेर बग्ने नदी हो- कन्काई । यसलाई लाखौं मानिसले आस्थाको धरोहरका रूपमा आत्मसात् गरेका छन्। कन्काई केवल जलप्रवाह होइन, यो प्राणी र वनस्पतिहरूको जीवनदायिनी शक्ति हो। प्रकृतिप्रेमीहरूका लागि पूजा र ध्यानको केन्द्र हो। कृषकहरूले रोपेका बीउलाई सुनौलो बालाको रूप दिने अमृतमय जल हो। श्रद्धालुहरूका लागि मनोकामना पूरा गरिदिने विश्वासको स्तम्भ पनि हो।

सनातनी परम्परामा कन्काईको जल जीवन रहँदासम्म मात्र होइन, मृत्युपश्चात् पनि आत्मालाई मोक्षतर्फ उन्मुख गराउने पवित्र मार्ग मानिन्छ। शवयात्रा, श्राद्ध र संस्कारमा यसको महत्वपूर्ण स्थान छ। यसरी कन्काई नदी जीवित र मृत दुवैको यात्रामा समान रूपमा संलग्न रहने दुर्लभ आस्था प्रतीक पनि हो ।

वर्षौं अघिदेखि हाम्रा पूर्वजहरूले अवलम्बन गर्दै आएको कन्काई सभ्यता आज पनि उत्तिकै महत्वपूर्ण रहिआएको छ। खेतमा




सुनौलो धान उमार्ने, गाउँमा पानी पुर्याउने, मेलापातमा भक्तजनलाई एकै ठाउँमा भेला गराउने, संस्कारमा पवित्रता दिने- यी सबै काममा कन्काईको अविच्छिन्न योगदान रहिआएको छ। सभ्यताको यही निरन्तरतालाई हामीले आज पनि सजाएर दैनन्दिन जीवन अघि बढाइरहेका छौं।

सनातनी सभ्यताको प्रज्वलित दियो बोकेर सदियौंदेखि सागरतर्फ बगिरहेको कन्काई नदीले नेपाल मात्र नभई पूर्वोत्तर भारत र भुटानसम्मलाई समेत जोड्दै आएको छ। यसको किनार केवल झापा र इलामको सौन्दर्य नभई संस्कृतिको सम्मिश्रण, सहअस्तित्वको सन्देश र साझा आस्थाको केन्द्र बनेको छ। कन्काई नदीलाई हामी केवल पानीको धारा देख्दैनौं, आफ्नो कला ,संस्कृति,परम्परा, सभ्यता, आस्था र विश्वासको पुञ्जभित्र मातास्वरुपा भगवतीको प्रतिविम्व देख्दछौं ।

यसै पृष्ठभूमिमा, कोशी प्रदेश सरकारले घोषणा गरेको पर्यटन वर्ष २०८२ सँगै कन्काई नदी विशेष चर्चामा छ। धार्मिक पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित प्रदेश सरकारले "कोशी पर्यटन धार्मिक माई महोत्सव-२०८२" आयोजना गर्ने तयारी गरेको छ। आगामी मङ्सिरमा हुने यो महोत्सवको स्थानीय संयोजनमा परोपकारी संस्था "राधिका फाउन्डेशन" ले जिम्मेवारी ग्रहण गरेको छ ।

यो महोत्सवले पूर्वी नेपालका विविध जाति, भाषा र संस्कृतिलाई एकत्रित गर्नेछ। यसले छिमेकी मुलुक भारत र भुटानमा रहेका ओमकार परिवारका अनुयायीहरूलाई नेपालमा स्वागत गर्नेछ। "अतिथि देवो भव" भन्ने सनातनी मूलमन्त्रलाई सजाउँदै यो महोत्सवले नेपाली कला, संस्कृति, सभ्यता, विविधता, एकता, आपसी भाइचारा र सद्भावलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउनेछ।
धर्म, संस्कृति र प्राचीन सनातनी सभ्यताका विद्वान-विदुषीहरूले यहाँ सद्वचन, प्रवचन र सत्कार्यको सन्देश प्रवाह गर्नेछन्।
यस महोत्सवले कन्काई तटीय क्षेत्र र आसपासको व्यापारलाई प्रवर्द्धन गर्नेछ, आन्तरिक तथा बाह्य पर्यटनलाई सशक्त बनाउनेछ, अनि समाजमा धार्मिक सहिष्णुता र सांस्कृतिक चेतनाको जागरण ल्याउनेछ। बहुआयामिक र दुरगामी महत्व बोकेको यो महोत्सव केवल एक पर्व मात्र नभई, पूर्वी नेपालको गौरवलाई विश्व समुदायसम्म पुर्याउने एउटा ऐतिहासिक अवसर बन्नेछ।

आयोजक राधिका फाउन्डेशनले लामो समयदेखि विकट भूगोलका विपन्न बालबालिकालाई संस्कारसहितको शिक्षा प्रदान गर्दै आएको छ। भागवत मञ्जरी राधिका दासीको नेतृत्वमा अघि बढिरहेको यो अभियानले अहिले धार्मिक पर्यटन प्रवर्द्धनलाई समेत प्राथमिकतामा राख्दै कोशी पर्यटन धार्मिक माई महोत्सवलाई आकार दिँदैछ। शिक्षादान र समाजसेवामा सक्रिय यस संस्थाको नेतृत्वमा महोत्सव आयोजना हुनु आफैँमा गर्वको विषय हो।
प्रदेश सरकारसंगको सहकार्यमा हुन गइरहेको यो महोत्सवमार्फत कनकाई नदी किनारबाट हामी यो सन्देश प्रवाह गर्न सक्छौं - आफ्नो सभ्यतालाई सम्झनुहोस्, संस्कृति जोगाउनुहोस् र प्रकृतिलाई संरक्षण गर्नुहोस्। सभ्यताको जीवनरेखा बनेको यो नदीलाई सुरक्षित राख्नु भनेको हाम्रो संस्कार, संस्कृतिको उज्यालो र सनातनी जीवनशैलीलाई सुरक्षित राख्नु हो।
कन्काई नदी केवल प्राकृतिक सम्पदा होइन, यो आस्था, सभ्यता र संस्कृतिको साझा धरोहर हो। यसको सुसंरक्षण गर्दै धार्मिक पर्यटन र सांस्कृतिक चेतनाको माध्यमबाट विश्वव्यापी बनाउन सक्नु हाम्रो कर्तव्य हो। कन्काईलाई बचाऔं, सभ्यतालाई बचाऔं।

# चुली सुदूरपूर्व हिमाल आरोहरणका लागि खुला

झापा(प्रस) । सरकारले चुलु सुदूरपूर्व (चुली) हिमाल आरोहरणका लागि खुला गरेको छ । दामोदर हिमशृङ्खलाअन्तर्गत पर्ने सो हिमाल आरोहणका लागि खुला गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको छ । सो हिमालको कुल उचाइ छ हजार ३८ मिटर रहेको छ ।

सो हिमाल आरोहणका लागि जोमसोम, कागबेनी, झार्कोट, मुक्तिनाथ, थोराङला, लेडर हुँदै आधार शिविरतर्फ जान सकिनेछ । यस्तै, चामे, सिपाङ, हुम्डे, मनाङ लेडर हुँदै आधार शिवरसम्म पुग्न सकिनेछ । अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने सो हिमाल गण्डकी प्रदेशको मनाङ जिल्लामा अवस्थित छ । डिस्याङ गाउँपालिका-५ र नार्पाभूमि गाउँपालिका-३ मा रहेको हिमालचुली पर्वतारोहणका लागि खुला गरिएको छ ।

चुलु सुदूरपूर्वको नामले परिचित सो हिमालको आरोहणमा प्रायः गरेर 'अन्नपूर्ण सर्किट ट्रेकसँग जोडिन्छ । चुलु पूर्व हिमाल मनाङ उपत्यकाभन्दा माथि रहेको छ । जहाँ अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो र अन्नपूर्ण चौथो, गङ्गापूर्ण, हिमनदी, धवलागिरि, तिलिचो र मनास्लुको मनमोहक दृश्यहरूसमेत हेर्न सकिन्छ । नेपाल पर्वतारोहण संघले सो हिमाल आरोहणका लागि व्यवस्थापन गर्दै आएको छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यही भदौ १२ गते रापजत्रमा सूचना प्रकाशित गरी चुलु सुदूरपूर्व हिमाल आरोहणका लागि अनुमति दिइएको जनाएको छ । आरोहीहरूका अनुसार चुलु सुदूरपूर्व चुचुरोलाई नेपालका अन्य चुचुराका तुलनामा सजिलो मानिन्छ ।

# फाल्गुनन्द–सुकिलुम्बा विमानस्थल: तीन महिनादेखि उडान बन्द



झापा,भदौ २२ । इलाम जिल्लाको पर्यटन र अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको इलामको फाल्गुनन्द-सुकिलुम्बा विमानस्थल सुनसान बनेको छ । आर्थिक वर्ष २०८१/८२ मा ३३ उडान भरेको यो विमानस्थल अहिले उडानको पर्खाइमा छ । इलाम नगरपालिका-९ स्थित यो विमानस्थलमा उडान नियमित रूपमा गर्न जिल्लावासीले माग गरेका छन् । यस विमानस्थलबाट गत जेठयता कुनै पनि उडान हुन सकेको छैन । सुरुआतमा तारा एयरको जहाजले बुधबार र शनिबार गरी सातामा दुई पटक उडान भरेको थियो । नगरपालिकाले इलामबाट काठमाडौं फर्कँदा जहाजको सिट खाली भए त्यसको भाडा पुर्ताल गर्ने सम्झौता गरेको थियो । सो सम्झौता सकिएपछि पुनः नगरपालिकाले नेपाल एयरलाइन्ससँग सम्झौता गरी २०७९ साल माघ १ गतेदेखि सोही तालिकामा इलाम-काठमाडौं उडान गरेको थियो । तर त्यसपछिका वर्षमा नगरपालिकाले कुनै एयरलाइन्ससँग सम्झौता नगरेको प्रमुख प्रशासकीय अधिकृत गणेशकुमार खड्काले बताए ।
"पहिला केही वर्ष नगरपालिकाले केही रकम व्यहोर्नेगरी तारा एयर र नेपाल एयलायन्ससँग सम्झौता गरी उडान हुँदै आएको रहेछ", प्रमुख प्रशासकीय अधिकृत खड्काले भने, "अहिले त्यस्तो कुनै सम्झौता छैन, हामीले कुनै दायित्व व्यहोर्नुपर्ने छैन ।"
नगरपालिकासँगको सम्झौता सकिएपछि पनि नेपाल एयरलाइन्सले सातामा शनिबार एक दिन उडान भर्दै आएको थियो । तर एयरलाइन्सले मौसमका कारण २०८२ जेठ १४ गतेदेखि उडान भर्न नसकेको विमानस्थल इलामका स्टेसन इन्चार्ज दिनेश सुन्दासले बताए । तीन महिनायता सो विमानस्थल सुनसान बनेको छ ।

इलाम नगरपालिका-९ का वडाध्यक्ष गोपाल चौहानले विमानस्थल नियमित सञ्चालन गर्नुपर्नेमा आफूहरू लागिपरेको बताए । "नगर कार्यपालिकाको बैठकमा पटकपटक कुरा उठाएर विमानस्थल सञ्चालनका लागि पहल भइरहेको छ", उनले भने, "तर कहिले विमान बिग्रिएको त कहिले मौसमको कारण देखाउँदै विमानस्थल नियमित सञ्चालनको दीर्घकालीन समाधान हुन सकिरहेको छैन ।"

तीन सय २८ रोपनी क्षेत्रमा निर्माण भएको विमानस्थलका लागि २०५८ सालमा प्रक्रिया सुरु भएको थियो । विमानस्थलको ६ सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग कालोपत्रे भएको छ । तर स्थायी टर्मिनल भवन, पक्की पहुँचमार्ग, सुरक्षित तारबारलगायत संरचना अझै अधुरै छन् ।

# सुर्ती करमा नेपालको सुस्त गति : डब्ल्यूएचओको लक्ष्यबाट टाढा

झापा,भदौ २२ । स्वास्थ्यमा नकारात्मक असर पार्ने सुर्तीजन्य पदार्थको उपभोग घटाउन विश्वभर कर प्रणालीलाई सबैभन्दा शक्तिशाली रणनीतिका रूपमा लिइन्छ । राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक केशवराज पण्डितले नेपालमा पनि यसको नियन्त्रणका लागि कर सङ्कलनलाई मुख्य आधार बनाउनुपर्ने बताउँछन् । अहिले नेपालमा सुर्तीजन्य पदार्थमा लाग्ने मूल्य अभिवृद्धि कर, स्वास्थ्य जोखिम कर र अन्तःशुल्क जोड्दा जम्मा करको हिस्सा ५१ प्रतिशत मात्र पुग्छ । यद्यपि सुर्ती उद्योगहरूले झुटा आँकडा सरकारलाई प्रस्तुत गरी ७१ प्रतिशत कर रहेको भन्दै भ्रम फैलाइरहेको सरकारी अधिकारीहरू नै स्वीकार छन् ।

यो आँकडा स्वास्थ्य नीतिको लागि घातक भएको जस्वास्थ्यविद्हरू बताउँछन् । यतिमात्रै होइन, सुर्तीजन्य पदार्थ उत्पादक कम्पनीलाई कर तिरेको



आधारमा सरकारले पुरस्कृत गर्ने जस्तो विवादास्पद अभ्यास गर्दै आएको छ । जुन सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी मौजुदा ऐन, २०६१ तथा निर्देशिका, २०७४ अनुसार गैरकानुनी कार्य हो । यो कदमले सरकारकै नियन्त्रण अभियानलाई कमजोर बनाएको देखिन्छ ।

सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न राजस्व सङ्कलनमा भर पर्न नहुने केन्द्रका निर्देशक पाण्डे सुनाउँछन् । जनस्वास्थ्यलाई प्राथमिकतामा राखी सुर्तीमाथि उच्च र रणनीतिक कर नीति कार्यान्वय गर्न उद्योगको भ्रमपूर्ण प्रचारलाई रोक्न, सरकारी गल्तीहरू सच्याउन र स्थानीय निकायलाई सक्रिय बनाउन अनिवार्य भएको उनी बताउँछन् । 'यसबाट मात्रै दीर्घरूपमा सुर्तीको उपभोग घटाउन सकिन्छ र नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिन्छ,' उनले भने ।

अनुसन्धान प्रतिष्ठानका अनुशन्धानकर्ता डाक्टर जयकुमार गुरुङले हरेक वर्षको बजेट भाषणमा सुर्तीजन्य पदार्थलाई मदिरासँगै एकसाथ उल्लेख गरिनु र कुन सुर्तीजन्य पदार्थमा कति कर समायोजन गरियो भन्ने स्पष्ट विवरण नदिइनु अर्को समस्या भएको बताए ।

## समन्नत...

राजनीतिज्ञ आहुतिले भने झैं दलित चालक समुदाय हो । दलित समुदायको वैज्ञानिक, प्राविधिक, आविष्कारक, श्रमिक, कलाकार, सेवक र श्रम क्षेत्रको मेरुदण्ड हो । देशको असली निर्माता दलित समुदाय हो । जुन समुदायले अपमान बहिष्करण र पीडा खपेर पनि राष्ट्रनिर्माणमा निरन्तर पसिना, श्रम, आँसु, रगत र जीवन लगानी गरेको छ । दलित समुदायले परम्परागत रूपमा गरेको पेसा र श्रमको सामाजिक र भौतिक मूल्य समायोजन गर्नेबित्तिकै देश झन् गजबसँग बन्छ ।

हरेक नागरिक निर्माता

देश बनाउने काम कुनै एक शासक, पार्टी वा वर्गको मात्रै काम होइन । हरेक नागरिकले आफ्नो ठाउँबाट देश बनाउने जिम्मा लिएमा मात्र देश बन्छ । राष्ट्रको मुहार फेरिन्छ । विकासले बाटो पक्रन्छ । ट्राफिक नियम पालना गर्ने चालकले देश बनाउँछ । चालकलाई मार्गदर्शन गर्ने ट्राफिकले देश बनाउँछ । विद्यालय नछोड्ने बालकले देश बनाउँछ । आफूले भोट दिँदा जिम्मेवार नेताको छनोट गर्ने मतदाताले देश बनाउँछ । अन्त्यमा देश बनाउने सबैभन्दा महत्वपूर्ण स्टेकहोल्डर एउटा व्यक्ति नै हो । त्यो व्यक्ति को हो ? म, तपाईं, हामी सबै ।

जथाभाबी फोहोर नगर्ने एक सचेत नागरिक । भोट बेच्ने होइन, सोचेर दिने मतदाता । काममा बेइमानी नगर्ने कर्मचारी । चोखो हिसाब राख्ने पसले । अनावश्यक रिस राग नपालेको ग्राहक । सडकमा कानुन पालन गर्ने चालक । चुपचाप गलत सहन नपर्ने विद्यार्थी आदि देश बनाउने सिङ्गो प्रक्रिया, अन्ततः एउटा व्यक्तिको नैतिक चेतना, नागरिक विवेक र अनुशासनमा आएर ठोकिन्छ । देश बनाउने काम हामीबाट सुरु हुन्छ, हामीबाट फैलन्छ । आफ्नो कर्तव्यमा दत्तचित्त भएर जो लागेको छ, त्यो देशको असली निर्माता हो ।

गाउँको एक जना किसान, सहरको एउटा मजदुर, भिडभाडमा गुज्रिँदै गरेको एक विद्यार्थी, सडक सफा गरिरहेकी महिला, बाउसे गरिरहेको पुरुष, औषधी गरिरहेको स्वास्थ्यकर्मी, हिमाल चढिरहेको शेर्पा यी सबै व्यक्ति देशका गहना हुन् । देश तब बन्छ, जब मान्छेले आफ्नो जिम्मेवारी बुझ्छन्, विवेकले काम गर्छन् र परिवर्तनका लागि आफूबाट थालनी गर्छन् । देश निर्माता पृथ्वीनारायण शाह पनि हुन् । विशे नगर्ची र अमरसिंह थापा, योगमाया हुँदै वर्तमानमा हामी पनि हौं ।

**निष्कर्ष**

देश बनाउने काम शासन, प्रणाली, संस्था, आन्दोलन वा योजना मात्रै होइन । त्यो काम सबैको हो, सबैभन्दा पहिला एउटा व्यक्तिको हो । जब सबैले आफ्नो ठाउँबाट सही काम गर्छन् । त्यो शिक्षक होस्, किसान होस्, या सर्वसाधारण नागरिक देश आफैं बन्न थाल्छ । देश बनाउने कुरा सधैं 'उनीहरूले के गरे ?' उनीहरूले जिम्मा पाएका हुन् भन्नेमा सीमित हुँदैन । 'मैले के गरैं ?' भन्ने आत्मबोध र आत्मसमीक्षा हो देश बनाउने विचार । देश निर्माण कुनै विशेष समयको परियोजना होइन, यो निरन्तर चलिरहने एउटा साझा यात्रा हो ।

जब सबै नेपालीले आफूभित्र देश देख्न थाल्छन्, तब मात्र देश साँच्चिकै बन्न थाल्छ ।
आजसम्म देश जुन रूपमा र जसरी बन्नु पर्थ्यो, त्यसरी बन्न नसकेको मूल कारण व्यक्ति-व्यक्ति, समाज, समुदाय, संघ, संस्था र शासकीय संरचनामा पुगेर पनि कर्तव्य निर्वाह गर्न चुकेकोले हो । स्पष्ट नीति, सही नेतृत्व र जनताको सहभागितामा मात्र देश विकसित, समृद्ध र सभ्य बन्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ